## संवत् २०८० साल साउन २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १८।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| २. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेशभित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्वीकृत २२ अस्थायी दरबन्दी करारमा पदपूर्ति गर्ने। |
| ४. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | यातायात व्यवस्था कार्यालयहरूको कम्प्युटर अपरेटरको २२ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, कास्की (१०) र पर्वत (१३), रोजगार सूचना केन्द्र, पोखरा (३) र प्रदेश खेलकुद परिषद् (१६) को अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ६. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | डायलायसिस सेवाका लागि स्वीकृत कार्यक्रमबाट भुक्तानी हुने गरी ४८ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## संवत् २०८० साल भदौ ६  गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १९।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| २. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गरी गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ८१ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश समानीकरणतर्फको स्वीकृत कार्यक्रमबाट भुक्तानी हुने गरी १७० अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८० साल भदौ १८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २०।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | कास्की जिल्लास्थित प्रदेश कार्यालयहरूको आर्थिक वर्ष २०८०/८१ को तलबी प्रतिवेदन पारित गर्ने जिम्मा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिने। |
| ३. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८० स्वीकृत गर्ने। |
| ४. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश खेलकुद विकास ऐन, २०७७ को दफा ३ को उपदफा (२) खण्ड (घ) अनुसार प्रदेश खेलकुद परिषद्को रिक्त सदस्य पदमा गोरखा नगरपालिका वडा नं. ४, गोरखाका विनय थापालाई मनोनयन गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*